नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२८१ दायर मितिः-२०८१/११/१२**

**फैसला मितिः-२०८१/११/२१**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **प्र. स. नि. दिपेन्द्र कुमार कुशवाहा समेतको प्रतिवेदनले** | **जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.- ०८ मकसुद आलमको छोरा वर्ष १९ को अलि हुसेन समेत २ जना .......१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**<u>तथ्य-खण्ड</u>**

१. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।
४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सुनिल साह कानु समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**<u>ठहर-खण्ड</u>**

यसमा मिति २०८१/१०/२४ गते राती अं. ८:१० बजेको समयमा जिल्ला पर्सा बिरगंज म.न.पा वडा नं १६ बसपार्क स्थित सार्वजनिक सडकमा अलि हुसेन र शुभ पटवालाई एकआपसमा झै-झगडा गरी हो-हल्ला गरी अशान्ती मच्चाईरहेको अवस्थामा प्रहरी टोलीले फेला पारी तपाईहरुले रातको समयमा किन झै-झगडा तथा हो-हल्ला गर्नु भएको भनि सोधपुछ गर्दा निजहरु रिश आवेशमा आई तपाईहरु को हो ? तपाईहरुलाई के मतलब हामीहरु जे सुकै गरौं भन्दै आक्रोश देखाउदै खटिएको प्रहरी टोलीलाई अश्लिल गाली गलौज वादविवाद तथा हातपात समेत गर्न खोजी डिउटीमा खटिएको प्रहरी कर्मचारीहरुको काम कर्तव्यमा बाधा अवरोध गरी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीहरु अलि हुसेन र शुभ पटवालाई एकआपसमा झै-झगडा गरी हो-हल्ला गरी अशान्ती मच्चाईरहेको अवस्थामा प्रहरी टोलीले फेला पारी सोधपुछ गर्दा निजहरुले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु अलि हुसेन र शुभ पटवालाई लाई कैद दिन १८, जरिवाना जनही रु.७५०/- अक्षरेपी सात सय पचास र क्षतिपूर्ती शल्क जनही रु.२००/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## <u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु अलि हुसेन र शुभ पटवालाई ठहरेको कैद दिन १८ को हकमा निजहरु मिति २०८१/१०/२४ देखि २०८१/११/११ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा निजहरुले क्रमशः र.नं.२५० र २५१/२०८१/११/१३ बाट दाखिला गरेको जनही धरौटी रकम रु.९५०/- बाट जनही जरिवाना रकम रु.७५०/- र क्षतिपूर्ती शुल्क जनही रु.२००/- कट्टी गर्नु-----------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------१

गणेश अर्याल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ फाल्गुन महिना २१ गते बुधवार रोज ४/ ने.सं. ११४५ चिल्लाथ्व षष्ठी, शुभम् ........